ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्याः ९** **नगरसभाबाट पारित मितिः २०८०।०९।२६**

**प्रमाणिकरणः २०८०।१०।१५**

**प्रकाशन मितिः २०८०।१०।१६**

## भाग–१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०८०।०९।२६ गतेको नगरसभा बाट **"ठाकुरबाबा नगरपालिकाको जलाधार तथा जैविक विविधता संरक्षण ऐन, २०८०** पारित भइ प्रकाशन भएको हुँदा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## <u>ठाकुरबाबा नगरपालिकाको जलाधार तथा जैविक विविधता संरक्षण ऐन, २०८०</u>

**<u>प्रस्तावनाः</u>** नगरपालिका क्षेत्रभित्रको नदी, तालतलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर एवं जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा नगरवासीको सुविधा र आर्थिक हितको सम्वर्द्धनका विषयमा नेपालको संविधानको अनुसूची-८ को बुँदा नं. १० र २१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को बुँदा नं. (ञ) को उपबुँदा नं. (१२), (१३), (१५), (१६), (१७), (१८), र (१९) र नेपालको संविधानको अनुसूची-९ को बुँदा नं. ७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) को बुँदा नं. (ङ) को उपबुँदा नं. (१), (१९), (२०), (२२), (२३) र (२६) ले गरेको व्यवस्थाका सम्बन्धमा लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरपालिकाको चौंधौ नगरसभाले यो ऐन बनाएको छ ।

ठाकुरबाबा नगरपालिकाको जलाधार तथा जैविक विविधता संरक्षण ऐन, २०८०

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम **"ठाकुरबाबा नगरपालिकाको जलाधार तथा जैविक विविधता संरक्षण ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) "अध्यक्ष" भन्नाले नगरपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगरकार्यपालिका सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनुपर्छ ।

(ङ) "जलचर" भनाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनुपर्छ ।

(च) "जलीय जीव" भनाले जलभित्र रहने वा पाईने जुनसुकै जीव र वनस्पती सम्झनुपर्छ ।

(छ) "जलीय जैविक विविधता" भन्नाले नदी, गाडर सिमसार वा तालमा रहने जीवहरूको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरू बीचको अन्तरसम्बन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरूमा पाइने विविधता र तिनीहरूको संयोजनलाई सम्झनुपर्छ । सो शब्दले आनुवांशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत (भेराइटलर स्पेसिस) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिस्टम डाइभर्सिटी) समेतलाई जनाउनेछ ।

(ज) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनुपर्छ ।

(झ) "ताल" भन्नाले कुण्ड, पोखरी, ताल, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएका पिंजडा (केज) तथा माछा पालन गरेको धान खेत समेत सम्झनुपर्छ ।

(ञ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनबमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ट) "दिगो उपयोग" भन्नाले जलचर र जलीय जैविक विविधता एवं जलीय जैविक अवयवहरूको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक अवयवहरू दीर्घकालीन् रूपमा नघट्ने र पूर्ववत् अवस्थामा रहन सक्ने तथा दीर्घकालीन् रूपमा सञ्चिती कायम गर्न सक्ने सीमाभित्र रहने गरी गरिएको सदुपयोग सम्झनुपर्छ ।

(ठ) "नदी" भन्नाले नदी, गाड, खोला, नाला, खहरे, नहर, कुलो, मुल र तिनीहरूको लागि जडान भएको पिँजडा (केज) समेत सम्झनुपर्छ ।

(ड) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ढ) “वडा” भन्नाले नगरपालिकाको वडा सम्झनुपर्छ ।

(ण) “सभा" भन्नाले नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

## परिच्छेद- २

## जलाधार संरक्षण

**३. जलाधार संरक्षण गर्नुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) नगरपालिकाले यस ऐनबमोजिम र संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही नगरपालिकाभित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

**४. विशेष संरक्षण स्थान तोक्न सक्नेः** (१) जलाधार एवं जलीय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलीय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, महत्वपूर्ण प्रजातिका जलचर, जलीय वनस्पती, त्यस्ता प्रजाति वा आनुवांशिक स्रोत विद्यमान भएको क्षेत्र, जलीय जैविक विविधताको बासस्थानको संरक्षण तथा पर्यावरणीय समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा सांस्कृतिक महत्वका जलीय स्थलहरू भएको नगरपालिकाभित्रको कुनै नदी वा गाडको सम्पूर्ण वा केही भाग वा कुनै काललाई कार्यपालिकाले त्यसको चारकिल्ला समेत खुलाएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गरी जलाधार संरक्षणक्षेत्र तोक्न वा कायम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले एकपटक घोषित गरिसकेको जलाधार संरक्षण क्षेत्रको स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी सीमाना हेरफेर वा परित्याग गर्न सक्नेछ ।

**५. संरक्षित जलाधार क्षेत्रमा गर्न सकिने कार्यहरूः** (१) संरक्षित जलाधार क्षेत्रमा जलाधार संरक्षणका लागि देहायबमोजिमका कार्यहरू गर्न सकिनेछ ।

(क) रोकथाम वा नियन्त्रण गर्ने बाँध (डेम), गल्छी नियन्त्रण (चेकडेम) तटबन्ध (इम्बाङ्कमेण्ट), गरा सुधार (टेरेस इम्प्रूभमेण्ट), कूलो, सहायक कूलो वा ढल (डाइभर्सन च्यानल), टेवा दिने पर्खाल (रिटेनिङ्गवाल), पोखरी र यस्तै अन्य आवश्यक बनौटको निर्माण गर्ने तथा त्यसको स्याहार सम्भार गर्ने,

(ख) परीक्षण स्थल (ट्रायल प्लट) हरूको व्यवस्था गर्ने तथा त्यसको स्याहार सम्भार गर्ने,

(ग) वृक्षारोपण गर्ने, घाँस, झारपात वा अन्य वनस्पति लगाउने र त्यसको स्याहार सम्भार गर्ने तथा हुर्काउने,

(घ) कार्यपालिकाले तोकेका अन्य कार्यहरू ।

६. <u>**जलाधार संरक्षण क्षेत्रमा गर्न नहुने कार्य**</u>ः कार्यपालिकाको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले संरक्षण क्षेत्रमा देहायको काम गर्न पाउने छैनः -

(क) जलचर र जलीय जैविक विविधताका अवयव सङ्कलन गर्न,

(ख) संरक्षण क्षेत्र भएर बग्ने नदी, गाड, ताल, दह वा पानीको कुनै स्रोत वा त्यस्ता नदी, गाडका सहायक नदी, गाड वा खोला थुन्न, फर्काउन वा त्यस्ता नदी, गाड वा तालमा कुनै हानिकारक वा विस्फोटक वस्तु वा पदार्थहरू प्रयोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, खानी खन्न, वा कुनै खनिज पदार्थ, ढुङ्गा, गिट्टी, बालुवा माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(ङ) प्रारम्भिक वातावरणीय परीक्षण बिना सहरी सडक, ग्रामीण सडक, कृषि सडक वा साना सहायक सडक निर्माण गर्न,

(च) रुख, बिरुवा, झाडी काट्न, ढाल्न, हटाउन, छेक्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुर्याउन,

(छ) जलीय जैविक विविधताका अवयव, जलचर, जलीय वनस्पती, जलीय जलचर, पंक्षी वा तिनको बासस्थानलाई क्षति पुर्याउन,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरू ।

७. <u>**जलाधार संरक्षण क्षेत्रमा सेवा सुविधाको सञ्चालन**</u>ः (१) संरक्षण क्षेत्रको सुरक्षा र सर्वोपरिहितको निमित्त कार्यपालिकाले कार्यविधि तर्जुमा गरी उक्त कार्यविधि बमोजिम कुनै व्यक्ति वा निकायसँग करार गरी घरबास (होम स्टे), होटल, लज, जलीय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति वा निकायसँग करार गरी घरवास (होम स्टे), होटल, लज, जलीय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा सञ्चालन गर्दा जलचर एवं जलीय जैविक विविधतामा प्रतिकूल असर पर्ने गरी गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्ति वा निकायले संरक्षण क्षेत्रभित्र कुनै पनि किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउने छैन ।

८. **स्थानीय जलाधार संरक्षण समिति गठन गर्न सक्नेः** (१) जलाधार संरक्षण, र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरणसम्बन्धी विषयमा कार्यपालिकालाई नीतिगत मार्गदर्शन र राय सल्लाह दिन सो सम्बन्धमा अन्य निकायहरू बीच समन्वय र सहकार्यसमेत गर्नको लागि नगरपालिकाले जलाधार संरक्षण समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजमको समिति गठन गर्दा नगरपालिकाको प्रमुखको अध्यक्षतामा गठन गर्नुपर्ने छ । सो समितिमा नगरपालिकाको उपप्रमुख, वडाध्यक्ष, स्थानीय बुद्धिजिवी, विषय विज्ञ तथा समाजसेवी समेत रहने गरी कम्तीमा नौ सदस्यीय समिति गठन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने समितिका निर्वाचित जनप्रतिनिधि बाहेक अन्य सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठन गरिने समितिको बैठकसम्बन्धी र अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम गठन गरिने समितिको काम, कर्तव्य र अधिकार नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद- ३

## जैविक विविधता संरक्षण

९. **जैविक विविधताको संरक्षण गर्नुपर्नेः** (१) आफ्नो क्षेत्रभित्रको जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षणसम्बन्धी कार्यक्रम गर्दा यसै ऐनका साथै संघीय तथा प्रदेशको कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी देहायबमोजिम गर्नु पर्नेछः-

*(क) कृषिजन्य जैविक विविधता संरक्षणः-*

(१) विकासका कार्यक्रमहरू सञ्चालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्त्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकागात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ. तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय पर्यावरणीय सेवाहरूको दीगो परिचालनको लागि परागसेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरूसम्बन्धी अध्ययन अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान, सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने ।

*(ख) सिमसार संरक्षणः-*

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरूकोहितका लागि आफ्न क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सोको संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरूमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने,

(३) स्थानीय व्यक्ति , समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने,

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय बासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जलआश्रित आनुवांशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरूमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीय बासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरूको पहिचान गरी स्थानीयस्तरमै समाधानको उपायहरूको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागु गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानूनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्डबमोजिम हुनेछ ।

**१०. <u>जैविक विविधताको अभिलेखीकरण गर्नुपर्नेः</u>** (१) नगरपालिकाले आफनो क्षेत्राधिकारभित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ ।

चक्रघट्टा नगरपालिकाको स्थानीय राजपत्र तथा सूचना संरक्षण एन, २०८०

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधतासम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरूप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) जैविक विविधताको अभलेखीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**११. स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्नेः** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदायभित्र का व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको अभिलेखीकरण तथा संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण बैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचामा राख्नेछ ।

१२. **खनिज पदार्य संरक्षणसम्बन्धी व्यवस्थाः** (१) कार्यपालिकाले आफ्नो क्षेत्राभत्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्वे तथा खोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्वे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा ऐन तथा कार्यविधि बनाई प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी नगरपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धन र उपयोगका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद- ४
## विविध

**१३. नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न नहुनेः** कसैले संरक्षित जलाधार क्षेत्रमा दफा ३ बमोजिम गरिएको कुनै कार्य नाश्न, मास्न, बिगार्न, वा हेरफेर गर्न गराउन हुँदैन ।

**१४. कब्जा गर्न सक्नेः** (१) कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूको बार्खेलाप काम गरेमा सो कामको सिलसिलामा प्रयोग भएका मेशिनरी औजार, चौपाया, सवारी साधान र अन्य माल वस्तुहरू वातावरण निरीक्षकले कब्जामा लिन सक्नेछ ।

तर चौपायाको हकमा चौपाया धनीबाट धरौट लिई त्यस्तो चौपाया निजलाई नै बुझाई दिन सक्नेछ र चौपायाधनीले धरौटी बुझाउन नचाहेमा वातावरण निरीक्षकले सो चौपायालाई लिलाम गर्न सकेछ।

(२) यस दफा बमोजिम गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१५. **कसूरः** यस नगरपालिकाको क्षेत्रभित्र हुने जलाधार तथा जैविक विविधता संरक्षणसम्बन्धी अन्य कसुरको जाँचबुझसम्बन्धी कार्यीविधिका सम्बन्धमा प्रचालित संघीय कानून लागु हुनेछ ।

१६. **सजायः** यस नगरपालिकाको क्षेत्र्रभित्र हुने जलाधार तथा जैविक विविधता संरक्षण कसुरमा प्रचलित संघीय कानून बमोजिम दण्ड सजाय हुनेछ ।

**१७. परामर्श लिन सक्ने**ः नगरसभा कार्यपालिका वा वातावरण शाखाले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

**१८. अधिकार प्रत्यायोजन गर्न सक्नेः** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार वातावरण शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

**१९. प्रचलित कानुनबमोजिम हुनेः** यस ऐनमा लेखिएजति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचालित कानूनबमोजिम हुनेछ ।

**२०. नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागु हुनेछ।

**२१. मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः** यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

**२२. बचाउः** (१) जलाधार तथा जैविक विविधता संरक्षणसम्बन्धी यस अघि नगरपालिकाबाट भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिने छ ।

(२) यस ऐन वा यस अन्तर्गत बनेका कानूनहरूमा उल्लिखित नभएका विषयहरूमा असल नियतका साथ काम गरिएको छ भने यसै बमोजिम भए गरेको मानिनेछ ।

(३) यो ऐन वा यस अन्तर्गत बनेका कानूनहरूमा उल्लिखित विषयहरू वा उल्लिखित नभएका विषयहरूमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ फुकाउन सक्नेछ ।

**आज्ञाले**
रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको जलाधार तथा जैविक विविधता संरक्षण ऐन, २०८०